दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक १५४ | बुटवल | २०८३ जेठ २१ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday Jun 04, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# ओलीले दोहोऱ्याए नेतृत्व नछाड्ने ढिपी

**नेपाली सेनाको भूमिकामाथि प्रश्न उठाउँदै ओलीले राज्यका संयन्त्रहरूलाई उत्ताउलिएर धेरै अगाडि नबढ्न आग्रह गरे भने राष्ट्रपति पौडेल सरकारको 'रबरस्ट्याम्प' बनेको आरोप लगाए । उनले सम्पत्ति छानबिन आयोगलाई बयान नदिने भन्दै सम्पत्ति विवरणमा जलेको घरको खरानी लैजान भनेका छन् ।**

**लुम्बिनी संवाददाता**

*बुटवल ।*

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफूले नेतृत्व नछाड्ने ढिपी दोहोऱ्याएका छन् । उनले जस्तोसुकै चुनौतीपूर्ण परिस्थितिमा पनि पार्टीको नेतृत्व गरिरहने र चुनौतीको सामना गर्दै अगाडि बढ्ने बताएका छन् ।

बुधबार एमालेको राष्ट्रिय कार्यशाला उद्घाटन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले आफ्नो स्वास्थ्यमा पूर्ण सुधार आएको जानकारी दिँदै नेतृत्व नछाडेर पार्टीलाई सफलताको मार्गमा अगाडि बढाउने उनको जिकिर थियो । ओलीले पार्टी पुनर्गठनको बहस चलाउने नेताहरुप्रति असन्तुष्टि जनाएका छन् ।

एमालेको नेतृत्वबाट ओलीलाई हटाउन अभियानलाई उनले 'भ्रम' भनेका छन् । 'आफ्नै भर्त्सना गर्ने, आफैंले कमी गरियो भनेर भर्त्सना गर्ने,' ओलीले भने-'केही पाइएन भने शीर चाहिँ काटेर टेबलमा राखिदियो भने शिर बिनाको भयो भने पार्टी मज्जाले बढ्छ कुद्छ भन्ने ।' पार्टीभित्र अनुकूल परिस्थितिमा उत्साहित हुने र प्रतिकूल समयमा जिम्मेवारीबाट पन्छिने प्रवृत्तिको राम्रो नभएको उनको भनाइ थियो । आफ्नो जिम्मेवारी पूरा नहुँदासम्म अध्यक्ष पद नछोड्ने उनले बताए ।

'मलाई राम्ररी थाहा छ, कमरेडहरूले गएको पुस ३ गते मलाई अध्यक्ष छान्नुभएको थियो । महाधिवेशनका प्रतिनिधिहरूले मलाई अध्यक्ष छान्नुभएको थियो,' ओलीले स्मरण गराए- 'सजिलो पऱ्यो भने, अनुकूल वातावरण बन्यो भने, प्रधानमन्त्री बन्न पाइने भयो भने कसिएर अगाडि बढ्ने र प्रधानमन्त्री बन्ने, अनि अप्ठ्यारो अवस्था आयो भने झोला फालेर भागिहाल्ने भनेर होइन ।'

अप्ठ्यारो परिस्थिति आउँदा निरास नबन्न उनले नेता तथा कार्यकर्तालाई सचेत गराए । अप्ठ्यारो अवस्था आएमा त्यसको सामना गर्नका लागि तयारी गर्न भनेरै आफूलाई अध्यक्ष छानिएको उनको भनाइ थियो । 'कमरेडहरूलाई कतै आशंका हुनसक्छ, मैले बिचैमा झोला फालेर अलपत्र छोडेर हिँड्ने हो कि भन्ने । त्यो आशंका मनमा नलिनु होला,' ओलीले भने- 'म अप्ठ्यारा परिस्थितिसँग जुधेर पार्टीलाई अगाडि बढाउनेछु, पार्टीलाई सफलतामा पुऱ्याउनेछु ।'

केही समयदेखि स्वास्थ्यका कारण कार्यकर्ता र जनताबिच सघन रूपमा पुग्न नसकेको स्वीकार गर्दै उनले अब आफू पूर्ण स्वस्थ भएको र सक्रिय रूपमा सार्वजनिक गतिविधिमा फर्कने बताए । पार्टीलाई सफल बनाएपछि विश्राम लिनुपर्ने अवस्था आएमा पार्टीको विधान, विधि र प्रक्रियाअनुसार विश्राम लिने उनले बताए । आफ्नो स्वास्थ्यका विषयमा अनेक टिकाटिप्पणी भए पनि आफू स्वस्थ रहेको उनको भनाइ थियो ।

आन्दोलन र अहिलेको परिस्थितिलाई अत्यन्त गम्भीरताका साथ लिएको उनले उल्लेख गरे । यस परिस्थितिबाट पार्टीलाई, आन्दोलनलाई र देशलाई चुनौतीको सामना गर्दै अगाडि बढाउने संकल्प रहेको ओलीको भनाइ थियो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आवेदन दिएपछि मात्रै पार्टीले सदस्यता दिएको जानकारी गराएका छन् । उनले पूर्वराष्ट्रपति भण्डारी २०३७ सालदेखि नै एमालेको सदस्य रहेको र बिचमा राष्ट्रपति भएको समयमा उनको सदस्यता निष्क्रिय रहेकोबारे स्पष्ट रहन आग्रह गरे ।

'विद्या भण्डारीजीको कुरा अहिले पनि हुने गर्छ । उठाउनै पर्दैन ।



उहाँ राष्ट्रपति भएको बेलामा सदस्य हुनुहुन्न थियो । नभएको सदस्यता नवीकरण हुँदैन थियो,' ओलीले भने-'हाम्रो केन्द्रीय कमिटीले नवीकरण हुँदैन, एउटा आवेदन दिनुस् कमिटीले विचार गर्छ भनेको थियो । उहाँले आवेदन दिनुभयो, त्यसपछि कमिटीले सदस्यता थियो । उहाँ ३७ सालको पार्टी सदस्य हो । ३४ सालदेखि आन्दोलनमा लाग्नुभएको हो ।' साथै, उनले राष्ट्रपति रहेको समयमा भने सदस्य नभएको विषयमा पनि प्रष्ट रहन आग्रह गरे ।

'उहाँ राष्ट्रपति हुँदा सदस्य हुनुहुन्न थियो । बाँकी अवधि उहाँले पछि छाडेपछि फेरि सदस्यता पाउनुभयो । यसमा ३७ सालकै पार्टी सदस्य हो । यसमा भ्रम राख्नु पर्दैन । फेरि राष्ट्रपति हुँदा उहाँ सदस्य हुनुहुन्न थियो ।'- उनले भने । यो विषय हारजितको नभएको पनि उनको भनाइ थियो ।

**नेपाली सेनाको भूमिकामाथि प्रश्न**

ओलीले नेपाली सेनाको भूमिकामाथि प्रश्न उठाएका छन् । सुकुम्वासी बस्तीमा डोजर चलाउने क्रममा सेना देखिएकोमा उनले असन्तुष्टि जनाएका हुन् । 'बालेनको पक्ष र सुकुम्वासीको विपक्षमा सेना हुनुहुँदैन । उहाँहरूले आफूलाई मर्यादित ठाउँमा राख्नुपर्छ भन्ने मेरो सुझाव हो ।'- ओलीले भने ।

ओलीले प्रधानमन्त्री बालेन शाहले संसद्को रोष्ट्रमबाट राष्ट्रघाती वचन बोलेको टिप्पणी गरेका छन् । संसद्मा कुनै कार्यक्रम नै तय नभइ के का लागि र कसका लागि ? यो प्रश्न सोधिएको भन्ने ओलीको प्रश्न थियो । प्रधानमन्त्रीको व्यवहारलाई उनले 'बचपना'को संज्ञा दिए । ओलीले राष्ट्रपति रामचन्द्र पौडेलको भूमिकाप्रति गम्भीर आपत्ति जनाएका छन् ।

**राष्ट्रपति पौडेल सरकारको 'रबरस्ट्याम्प'**

उनले राष्ट्रपति पौडेल सरकारको 'रबरस्ट्याम्प' बनेको आरोप पनि लगाएका छन् । उनले राष्ट्रपतिले धमाधम गर्न नहुने काम गर्दै गएको बताए ।

» *बाँकी ३ पेजमा*

## समयानुकूल पार्टीमा व्यापक पुनर्गठनः पौडेल



बुटवल । नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले चुनावी पराजयको निर्मम समीक्षा गर्नेगरी पार्टी अगाडि बढेको बताएका छन् ।

संगठन विभागले राजधानीमा गरेको कार्यक्रममा पौडेलले पार्टी सामान्य अवस्थामा नरहेको बताएका हुन् । 'हामीबाट गल्ती भएको छ, गल्ती नभई धक्का खाइँदैन ।'- पौडेलले भनेका थिए ।

अध्यक्ष केपी शर्मा ओली प्रमुख वक्ता रहेको उक्त कार्यक्रममा पौडेलले गल्ती गर्नेहरूले सक्किनुपरेको उदाहरण नै प्रस्तुत गरेका थिए । 'सन् १९२० मा स्थापना भएको भारतीय कम्युनिस्ट पार्टीले दोस्रो विश्वयुद्धपछि सही निर्णय लिन नसक्दा सक्किनुपऱ्यो,' पौडेलले उदाहरण दिँदै भनेका थिए-'तर चिनियाँ कम्युनिस्ट पार्टी सफलतातिर बढ्यो ।'

एमालेलाई सक्किनुबाट बचाउन पुनर्गठन नै विकल्प भएको निष्कर्ष पौडेलले सुनाएका थिए । 'समयानुकूल व्यापक पुनर्गठन गर्नुको विकल्प हामीसँग छैन,' पौडेलले भनेका थिए-'त्यसअघि यो एक महिना हामी निर्मम समीक्षा गर्नेछौं ।'

» *बाँकी ३ पेजमा*

## एमालेले छिटोभन्दा छिटो काँचुली फेर्नुपर्छ : पाण्डे



बुटवल । नेकपा एमालेका नेता एवं पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डेले पार्टीले छिटोभन्दा छिटो काँचुली फेर्नुपर्ने आवश्यकता रहेको बताएका छन् । प्रेस चौतारी रुपन्देहीले बुटवलमा गरेको पत्रकार सम्मेलनमा बोल्दै पाण्डेले गत निर्वाचनको नतिजाले पार्टीलाई ठूलो खबरदारी गरेको र अप्ठेरो अवस्थामा पुऱ्याएको बताए । 'पार्टीले छिटोभन्दा छिटो काँचुली फेर्नुपर्छ, किनभने हामी अप्ठेरो अवस्थामा छौं, गत निर्वाचनको नतिजा हाम्रो लागि ठूलो खबरदारी गरेको अवस्था हो,' पाण्डेले भने-'त्यो खबरदारीलाई बुझ्न सकेनौ र सततर्क भएनौ भने आगामी दिनमा पार्टी झन् कमजोर हुन्छ ।' नेता पाण्डेले बदलिँदो राजनीतिक तथा प्रविधिगत परिवेशअनुसार पार्टी सञ्चालनको शैलीमा आमूल परिवर्तन गर्नुपर्ने बताए । 'अब रिफर्मेसनले मात्र पुग्दैन, पार्टीको नेतृत्व देखि संगठनको संरचनासम्म रिभोलुसन (क्रान्ति) नै चाहिन्छ ।'-नेता पाण्डेले भने ।

नेता पाण्डेले कसले पद छाड्नेभन्दा पनि पार्टीलाई काँचुली फेराउन सबै नेता कार्यकर्ताले आ-आफ्नो पद छाड्न तयार हुनुपर्ने बताए ।

नेता पाण्डेले अबको युग आर्टिफिसियल इन्टेलिजेन्स एआई र डिजिटल प्रविधिको भएको उल्लेख गर्दै एमालेलाई परम्परागत फिजिकल संरचनाबाट डिजिटल प्रणालीमा रूपान्तरण गर्नुपर्ने बताए । पुरानो शैलीका संगठनात्मक गतिविधिले मात्र अबको राजनीतिक प्रतिस्पर्धामा सफलता हासिल गर्न नसकिने भन्दै प्रविधिमैत्री पार्टी निर्माणमा नेता पाण्डेले जोड दिए ।

पाण्डेले समाज निरन्तर परिवर्तनशील रहेको र त्यसअनुसार पार्टीका विचार, नेतृत्व विकासको शैली तथा संगठनात्मक संस्कृतिमा पनि समयानुकूल सुधार आवश्यक पर्ने जनाए । 'मदन भण्डारीको समयदेखि अहिलेसम्म विश्व र समाजमा ठूलो परिवर्तन आइसकेकाले पार्टीले पनि आफूलाई बदल्नुपर्छ,' पाण्डेले भने-'गत चुनावमा हामी मतदाता र कार्यकर्ताको घर घरमा पुगेर भोट माग्न थाल्यौं, अरुले विदेशबाट समेत सबै मतदातालाई फोन गरेर भोट मागेर भ्याइसकेका रहेछन्,त्यसैले अब मतदाता र कार्यकर्तासँग फिजिकल्ली भेटेर भन्दा आफ्ना विचार र एजेण्डा डिजिटल्ली भन्न, बुझाउन सक्नुपर्छ ।'

वर्तमान अवस्थाबाट यथास्थितिमै पार्टी आन्दोलन अगाडि बढ्न नसक्ने निश्कर्ष निकालेरै संगठनात्मक सुधारका लागि अध्ययन तथा सुझाव संकलन गर्न कार्यदल बनाएर काम गरिरहेको उनले बताए ।

» *बाँकी ३ पेजमा*

## नयाँ विकास कूटनीति अघि बढ्छ : लामिछाने



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाले नेपाल र भारतबिच विगतका अप्ठ्याराहरूलाई नाघेर नयाँ विकास कूटनीतिको युगलाई अगाडि बढाउने विषयमा गहन छलफल भएको बताएका छन् ।

बुधबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेटपछि सामाजिक सञ्जाल एक्समा उनले यस्तो बताएका छन् ।

भारतीय प्रधानमन्त्री मोदीसँग झन्डै एक घण्टा लामो फलदायी संवाद भएको उनले उल्लेख गरेका छन् ।

लामिछानेका अनुसार, भेटका क्रममा नेपाल र भारतबिच विगतका अप्ठ्याराहरूलाई नाघेर नयाँ विकास कूटनीतिको युगलाई अगाडि बढाउने र साझा हितका क्षेत्रमा सहकार्य गर्ने विषयमा गहन छलफल भएको छ ।

'हामीले साझा सभ्यतागत सम्बन्ध, डिजिटल कोरिडोर र सहज कनेक्टिभिटीमा केन्द्रित भएर मात्र प्रगति र आपसी विश्वासले परिभाषित गर्ने साझेदारीको वास्तविक निर्माण गर्न सक्छौं ।

राष्ट्रिय स्वतन्त्र पार्टी र भारतका जनताका लागि हाम्रो साझा समृद्धिका लाग यी सम्भावनाहरूलाई यथार्थमा रूपान्तरण गर्न तत्पर छ ।'- रविले लेखेका छन् ।

## बजेटमा कुनै नयाँपन छैन : पूर्व अर्थमन्त्री




बुटवल । नेकपा एमालेका नेता एवं पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटमा कुनै नयाँपन नभएको बताएका छन् । बजेटको आकार २५ प्रतिशतले बढे पनि राज्यको चरित्र परिवर्तन गर्ने कुनै योजना समावेश नभएको उनको दाबी छ ।

रूपन्देही व्यापार संघले बुधबार बुटवलमा आयोजना गरेको आर्थिक बहसमा नेता पाण्डेले बजेट कार्यान्वयन चुनौतीपूर्ण रहेको बताए । 'जनताको ठूलो आशा र चासो रहेको बजेट अघिल्लै योजनाको निरन्तरता मात्र छ,' नेता पाण्डेले भने-'बजेटले पुराना कार्यक्रम मात्र बोकेको छ, नयाँ शब्दमात्र हालेको छ । तात्विक रुपान्तरण हुने नयाँ घोषणा केही छैनन् ।'

बजेटमा उधारो ऐन ल्याउँछु भन्ने समावेश गरेकोमा त्यसलाई आफूले सकारात्मक रूपमा लिएको उनले बताए । 'नेपालका लागि उधारो ऐन जरुरी थियो, धेरै व्यवसायी टाट पल्टिएका पनि छन्,' नेता पाण्डेले भने-'यसको असुल उपर गर्ने ऐन ल्याउँछु भन्ने राम्रो छ । म अर्थमन्त्री हुँदा पनि यो ऐन बनाउनुपर्छ भन्ने कुरा थियो ।'

मध्यम बर्गलाई केन्द्रमा राखे पनि निजी क्षेत्रलाई लगानी गर्ने उत्साह बजेटले जगाउन नसक्ने नेता पाण्डेको भनाइ छ । व्यवसायीलाई उत्साह नआउँदासम्म देशमा समृद्धि आउन नसक्ने पाण्डे बताए ।

चालु आर्थिक वर्षमा पुँजीगत बजेट खर्च हुन नसकेको बताउँदै उनले २१ सय अर्बको बजेटको बजेटमा पुँजीगत खर्च डेढ खर्ब पुँजीगत खर्चले देश अघि बढ्छ भन्दै प्रश्न गरे । राज्य सञ्चालनका लागि राजश्व महत्वपूर्ण हुने उल्लेख गर्दै उनले बजेटको आकार बढाएर मात्रै मुलुक समृद्ध हुन नसक्ने दाबी गरे । 'आवश्यक तयारीबिना बजेटको आकार २५ प्रतिशतले बढाइएको छ । जसरी पैसा छुट्याइएको छ, जसरी कर नीति ल्याइएको छ, त्यसको आधारमा राज्य वा अर्थतन्त्रको स्वरूपै बदल्ने खालको कुनै नयाँ नक्सा कोरिएको छैन ।'- उनले भने ।

भाषाको हिसाबमा मिठो सुनिए पनि वैचारिक स्पष्टताबिनाको बजेटले मुलुकलाई कुनै प्रतिफल नदिने बताए ।

» *बाँकी ३ पेजमा*

गाउँवासीहरूमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

दिनेश सारू
प्रमुख प्रशासकीय अधिकृत

प्रेम श्रेष्ठ
अध्यक्ष

तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# संविधान कार्यान्वयनका लागि कानुन

संविधान जारी भएको दशक बितिसक्दा पनि संविधान कार्यान्वयनसँग सम्बन्धित धेरै कानुन बन्न बाँकी छन् । संविधान कार्यान्वयनसँग सम्बन्धित कानुन बन्न नसक्दा मुलुकको शासन प्रणाली संस्थागत हुन सकिरहेको छैन। निर्वाचनमार्फत् राजनैतिक नेतृत्वले काम गरिरहेकोले तहगत सरकारको संस्थागत विकास भएझैं देख्न सकिन्छ, तर सरकार सञ्चालनका लागि चाहिने कानुनको अभावमा नतिजामुखी काम हुन सकिरहेको छैन ।

सरकार सञ्चालन गर्न सहज हुने गरी संसद् छलेर अध्यादेश ल्याएको सरकारले शासकीय सुधारका एक सय कार्यसूचीका काम गर्न कानुन संशोधनलाई प्राथमिकतामा राखेको छ। वर्षौंदेखि बन्न नसकेका कानुन बनाउन प्राथमिकता दिनुपर्ने सरकारले संविधान संशोधनलाई प्राथमिकता दिएर काम कुरा एकातिर कुम्लो बोकी ठिमीतिर भनेझैं गरेको छ। संविधान संशोधन बहसको विषय हो, संविधानलाई संशोधन गर्नै पर्नेछ, संशोधन सहजै र छिटै हुनसक्ने संभावना हुँदैन । लामो बहस र छलफलबाट मात्रै यसको टुंगो लाग्ने हो, तर संविधान कार्यान्वयनसँग कानुन बनाउन सक्दा कानुन कार्यान्वयनसँगै नतिजा देखिन थाल्छ। संघीय निजामति ऐन बन्न नसक्दा कर्मचारी समायोजनदेखि धेरै काम अलपत्र छन्। प्रदेश सरकारले बनाएको निजामति ऐन कार्यान्वयन हुन सकिरहेको छैन । स्थानीय तहमा पनि कर्मचारीको अभाव छ । सेवा प्रवाहको केन्द्र स्थानीय तहमा कर्मचारीको अभावले नागरिक आवश्यक सेवाबाट वञ्चित भएका छन् ।

अघिल्लो संसद्को उपसमितिको अध्ययन प्रतिवेदनले मौलिक हकसहितका कानुन बन्नै बाँकी रहेको भन्दै संविधानका विभिन्न धाराअनुसार ३९ वटा कानुन तत्काल बनाउन सुझाव दिएको थियो। ४ मंसिर २०७९ को संसदीय निर्वाचनपछि तत्कालीन सरकारले संसद्मा पेस गरेका विधेयकहरू गत वर्षको जेन-जी आन्दोलनपछि २८ भदौमा प्रतिनिधिसभा विघटन भएसँगै स्वतः निष्क्रिय भए। अघिल्लो संसद्का बेला प्रतिनिधिसभामा २६ वटा र राष्ट्रिय सभामा १२ वटा विधेयक निष्क्रिय भएको संघीय संसद कार्यालयमा तथ्याङ्क छ। जसमा संघीय निजामती सेवा ऐन विधेयक २०८० पनि पर्छ। कानुन निर्माणको लामो प्रक्रिया पूरा गरेर कतिपय कानुन अन्तिम अवस्थामा पुगेका थिए। संघीय निजामति विधेयक र शिक्षा विधेयक अन्तिम अवस्थामा थिए। यी विधेयक निष्क्रिय हुँदा कर्मचारी प्रशासन र शिक्षा क्षेत्र लथालिङ्ग छन् । ऐनले हो, बाटो देखाउने र सरकार चलाउने । ऐनको अभावमा सरकारले केही गर्न सक्तैन् । नयाँ सरकार बनेपछि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले यसै वर्ष संसद्मा पेस गरिने ४५ वटा विधेयकको सूची तयार गरिसकेको छ। तर, यो सूचीमा संविधान कार्यान्वयनसम्बन्धी कानुनी बन्दोबस्त गर्ने विधेयक कम छन् ।

संघीय निजामती सेवा ऐन नबन्दा आइपरेका समस्यालाई ध्यानमा राख्दै सर्वोच्च अदालले पछिल्लो पटक २२ माघ २०८२ मा तुरुन्तै कानुन ल्याउन परमादेश जारी गरेको थियो । सर्वोच्च अदालतले संघीय निजामती सेवा ऐन छिटो जारी गर्न पटक पटक आदेश दिइसकेको छ । २२ माघ २०८२ मा पनि संघबाट प्रदेशमा गएका कर्मचारीको बढुवा विवादको विषय सर्वोच्च अदालत पुगेको मुद्दाको फैसलामा अदालतले कानुन नहुँदा समस्या आएको व्याख्या गरेको थियो। प्रदेशका २१ वटा अधिकारका लागि संघले ३५ वटा कानुन बनाउनुपर्छ। प्रदेशले स्थानीय तहलाई बनाइदिनुपर्ने ६ वटा कानुन पनि बन्न बाँकी छन् ।

संविधानमा लेखिएका ३१ वटा अधिकारअन्तर्गत १६ वटा कानुन बनेका छन् । अरु कानुन बन्न जति आवश्यक छ, त्योभन्दा बढी छिटो संघीय निजामती कानुन, प्रहरीलगायत विधेयकलाई छिटो पारित गर्नुपर्ने देखिन्छ। कानुनको अभावमा शासन प्रणाली व्यवस्थित हुन सक्तैन्। अरु जति विषयले प्रेरित गर्न खोजेपनि कानुन विना सरकारले नतिजा निकाल्न सक्तैन । नतिजामुखी र परिणाममुखी बन्नका लागि सरकारले संविधान कार्यान्वयनसँग सम्बन्धित कानुन छिटो बनाउनुपर्छ।

# कृषिमा आफ्नै प्रतिबद्धता बाहिर गएको बजेट



उद्धव अधिकारी



पछिल्लो निर्वाचनले दिएको जनादेश र संसद्को झन्डै दुईतिहाइ सिटसहित बनेको वर्तमान सरकारले राजनीतिक स्थायित्वसँगै आर्थिक तथा सामाजिक रूपान्तरणको अपेक्षा जगाएको थियो। विशेषगरी कृषि, रोजगारी र आत्मनिर्भर अर्थतन्त्रका क्षेत्रमा उल्लेखनीय सुधार हुने विश्वास आमनागरिकमा थियो। यही अपेक्षाको पृष्ठभूमिमा सरकारले सार्वजनिक गरेको नीति तथा प्रतिबद्धतापत्रमा कृषि क्षेत्रलाई विशेष महत्व दिइएको पनि थियो।

सरकारले राष्ट्रिय दलहरूको घोषणापत्रका साझा पक्षलाई आधार मानेर सार्वजनिक गरेको १८ बुँदे प्रतिबद्धतामध्ये 'कृषि पेसाको सम्मान र आत्मनिर्भरता' शीर्षक विशेष महत्वको थियो। प्रतिबद्धतामा उत्पादन र निर्माण क्षेत्रमा श्रम संस्कृतिको विकास, बाँझो जमिनको उपयोग, माटो स्वास्थ्य कार्ड, किसान सूचीकरण, किसान परिचयपत्र, किसान क्रेडिट कार्ड, योगदानमा आधारित किसान पेन्सन, कृषि बिमा, स्थानीय तहमा बिउ बैंक स्थापना, कृषि हाटबजार, चिस्यान केन्द्र, खाद्य प्रशोधन करिडोर तथा थप तीन लाख हेक्टर जमिनमा सिँचाइ विस्तारजस्ता कार्यक्रम समावेश थिए।

त्यति मात्र होइन, जैविक खेती विस्तार, माटोको उर्वरा शक्ति वृद्धि, विषादी नियन्त्रण, रैथाने बाली संरक्षण, कृषि वन प्रणाली प्रवर्द्धन तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका प्रतिबद्धताले कृषि क्षेत्रलाई राष्ट्रिय विकासको आधारका रूपमा प्रस्तुत गरेका थिए।

सरकारले सन् २०२७ लाई आरोग्य वर्ष र विसं २०८५ लाई पर्यटन वर्षका रूपमा मनाउने घोषणा पनि गरेको छ। स्वस्थ नागरिक, स्वच्छ वातावरण र दिगो अर्थतन्त्र निर्माणको आधार स्वस्थ कृषि प्रणाली हो भन्ने सन्देश यस्ता घोषणाबाट प्रकट भएको थियो। तर, हालै सार्वजनिक बजेटले भने यी प्रतिबद्धता र वास्तविक प्राथमिकताबिच उल्लेखनीय दूरी रहेको संकेत गरेको छ।

चालू आर्थिक वर्षभन्दा झन्डै तीन खर्बले बढेको कुल बजेट र चालू आर्थिक वर्षभन्दा झन्डै ११ अर्बले घटेको कृषि बजेटलाई हेर्दा सरकार स्वयंको कृषि क्षेत्रको पुनरुत्थान गर्ने सरकारको शीर्ष प्राथमिकताको नारालाई न्याय गर्न सकेन।

बहुसंख्यक नागरिकको सरोकारको विषय र कुल गार्हस्थ उत्पादनमा महत्वपूर्ण योगदान दिने उत्पादन क्षेत्रलाई २.२ प्रतिशतमा खुम्च्याइनु दुःखद हो। जसमध्ये १.९ प्रतिशत बजेट रासायनिक मल र प्रशासनिक खर्चमा जाने हुँदा बाँकी रहेको ०.३१ प्रतिशत बजेटले कृषि बिमा, कृषि चतुर्भुज, पूर्वाधार, प्रोत्साहन अनुदान कृषि अनुसन्धान, विशेष क्षेत्र कार्यक्रम भूमि बैंकलगायत कार्यक्रम कार्यान्वयन हुन्छन् भनेर विश्वास गर्ने आधार देखिँदैन। कृषि क्षेत्रका लागि विनियोजित करिब ४६ अर्बमध्ये ठुलो हिस्सा रासायनिक मल खरिदमा केन्द्रित गरिएको छ। कृषि उत्पादनका लागि मल आवश्यक भए पनि कृषि बजेटको अधिकांश भाग एउटै शीर्षकमा खर्च हुनु आफैँमा चिन्ताको विषय हो। अझ माटो स्वास्थ्य सुधार, जैविक खेती विस्तार र प्रांगारिक मल प्रवर्द्धनको प्रतिबद्धता जनाएको सरकारले प्रांगारिक मल कार्यक्रमको बजेट घटाएको अवस्था नीतिगत विरोधाभासको उदाहरण बनेको छ।

कृषि उत्पादनको आधार माटो हो। माटो स्वस्थ नभएसम्म खाद्य सुरक्षा, वातावरणीय सन्तुलन र नागरिक स्वास्थ्य दिगो हुन सक्दैन। तर, उत्पादन वृद्धिका नाममा रासायनिक मलमाथिको निर्भरता बढाउँदै जाने र जैविक विकल्पलाई कमजोर बनाउने प्रवृत्तिले दीर्घकालीन रूपमा माटो, वातावरण र मानव स्वास्थ्य तीनै क्षेत्रमा नकारात्मक प्रभाव पार्न सक्छ। आरोग्य समाजको आधार स्वस्थ खाना हो, स्वस्थ खानाको आधार स्वस्थ माटो हो। यदि माटोको स्वास्थ्य कमजोर हुँदै गयो भने आरोग्य वर्ष र कृषि पर्यटनका लक्ष्य केवल घोषणामा मात्र सीमित रहने खतरा रहन्छ।

नेपाल अझै पनि कृषिप्रधान देशका रूपमै परिचित छ। लाखौँ घरधुरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि र पशुपालनमै निर्भर छन्। तर, विगत केही दशकयता कृषि क्षेत्र निरन्तर संकटमा फस्दै गएको छ। उत्पादन लागत बढ्दो छ, बजार अस्थिर छ, प्राकृतिक विपत्ति र वन्यजन्तुको क्षति बढ्दो छ। उत्पादनको मूल्यमा किसानको नियन्त्रण छैन। परिणामस्वरूप किसान खेतीबाट निरुत्साहित हुँदै गएका छन् र कृषि पेसा नयाँ पुस्ताका लागि आकर्षण बन्न सकेको छैन।

यसैबिच ग्रामीण नेपालको सामाजिक संरचना पनि तीव्र रूपमा परिवर्तन भइरहेको छ। केही दशकअघिसम्म गाउँका घरहरूमा महिला, बालबालिका र ज्येष्ठ नागरिकको चहलपहल हुन्थ्यो। आज ती घर क्रमशः रित्तिँदै गएका छन्। पुरुष रोजगारीका लागि बिदेसिएका छन्, महिलाहरू बालबालिकाको शिक्षाका लागि सहर पसेका छन्। पछिल्लो समय महिला स्वयं पनि बिदेसिन थालेका छन्। परिणामस्वरूप कतिपय गाउँमा घर त छन् तर मानिस छैनन्, खेतबारी छन् तर खेती गर्ने मान्छे छैनन्, विद्यालय र शिक्षक छन्, तर पढ्ने विद्यार्थी छैनन्। विभिन्न तथ्यांकले ग्रामीण क्षेत्रमा लाखौँ घरधुरी स्थायी रूपमा मानवविहीन भइसकेको संकेत गरेका छन्।

राष्ट्रिय जनगणना ०७८ ले पनि यही चित्र देखाउँछ। विगत दशकमा पहाड, तराई र हिमाली क्षेत्रबाट ठुलो मात्रामा बसाइँसराइ भएको छ। बसाइँसराइका कारण विविध भए पनि कृषि पेसाप्रतिको निराशा, ग्रामीण क्षेत्रमा अवसरको अभाव र बढ्दो आयातमुखी अर्थतन्त्र प्रमुख कारकका रूपमा देखिन्छन्। यसले कृषि उत्पादनमा संलग्न जनशक्तिलाई क्रमशः उपभोक्तामा रूपान्तरण गरिरहेको छ। यही प्रवृत्ति जारी रह्यो भने आगामी केही दशकमा खाद्य उत्पादन गर्नेभन्दा उपभोग गर्ने जनसंख्या अत्यधिक हुने जोखिम देखिन्छ।

नेपालको अर्थतन्त्रले पनि यसैसँग जोडिएको अर्को गम्भीर प्रश्नको सामना गरिरहेको छ। वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले अर्थतन्त्र धानेको छ। विप्रेषणबाट आएको रकमले आयात धानेको छ र आयातबाट प्राप्त भन्सार राजस्वले सरकारी खर्च धानेको छ। तर, यस्तो संरचना दिगो विकासको आधार बन्न सक्दैन। एकातिर व्यापार घाटा निरन्तर बढिरहेको छ भने अर्कातिर सार्वजनिक ऋणको आकार विस्तार हुँदै गएको छ। साधारण खर्च धान्नसमेत ऋणको सहारा लिनुपर्ने अवस्था दीर्घकालीन रूपमा जोखिमपूर्ण छ। अझ कृषि क्षेत्रलाई नै आयातमा निर्भर गराउने नीति अवलम्बन गरियो भने खाद्य र आर्थिक सुरक्षामाथि थप चुनौती सिर्जना हुनेछ।

विडम्बना के छ भने तीन बाली उत्पादन हुने उर्वर भूमि बाँझो बसिरहेको छ, तर विदेशी कृषि उपजको आयात बढिरहेको छ। उत्पादनको साधनका रूपमा रहेको जमिनको संरक्षण र उपयोगका कुरा गर्नेहरूले नै भूमि उपयोग नीतिको प्रभावकारी कार्यान्वयनमा अवरोध सिर्जना गरिरहेका देखिन्छन्। खाद्य अधिकार र खाद्य सम्प्रभुतालाई संवैधानिक मान्यता दिइएको छ, तर त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यक्रम र बजेट अझै प्राथमिकतामा पर्न सकेको छैन।

साना किसान आज पनि नेपालको खाद्य प्रणालीका मुख्य आधारस्तम्भ हुन्। पशुपालन, रैथाने बिउ संरक्षण, जैविक मल उत्पादन, स्थानीय खाद्य संस्कृतिको संरक्षण तथा खाद्य वितरण प्रणालीमा उनीहरूको योगदान उल्लेखनीय छ। उनीहरूले केवल खाद्यान्न उत्पादन मात्र गरिरहेका छैनन्, कृषि जैविक विविधता, सामाजिक सम्बन्ध र स्थानीय अर्थतन्त्रलाई पनि जोगाइरहेका छन्। त्यसैले, साना किसानलाई अनुदानको उपभोक्ता होइन, राष्ट्रिय खाद्य प्रणालीका मुख्य साझेदारका रूपमा हेर्न आवश्यक छ।

नेपालको कुल भूभागको करिब आधा हिस्सा वन क्षेत्रले ओगटेको छ। वन संरक्षण महत्वपूर्ण भए पनि वन स्रोतको दिगो उपयोगमार्फत् ग्रामीण अर्थतन्त्रलाई सुदृढ बनाउन सकिने सम्भावना पर्याप्त रूपमा उपयोग हुन सकेका छैनन्। वन र कृषिबिचको अन्तरसम्बन्धलाई पुनर्स्थापित गर्दै कृषि वन प्रणाली, वनजन्य उद्यम तथा स्थानीय उत्पादनमा आधारित उद्योग विकास गर्न सके ग्रामीण अर्थतन्त्रलाई थप बल मिल्न सक्छ। कृषि क्षेत्रलाई भाषणमा होइन, बजेटमा प्राथमिकता दिनुपर्छ। कम्तीमा आगामी पाँच वर्षसम्म संघ, प्रदेश र स्थानीय तहले कृषि तथा खाद्य प्रणालीलाई विकासको मुख्य आधार मानेर पर्याप्त बजेट विनियोजन गर्न आवश्यक छ। कृषि अनुसन्धान, रैथाने बिउ संरक्षण, जैविक मल, सिँचाइ, कृषि यान्त्रिकीकरण, भण्डारण, प्रशोधन र बजार व्यवस्थापनमा दीर्घकालीन लगानी बढाउनुपर्छ।

कृषिमा आधारित उद्योग स्थापना गरी किसानलाई उत्पादन र उद्योगलाई प्रशोधनसँग जोड्ने नीति आवश्यक छ। स्थानीयस्तरमा किसान बजारको विकास, सहकारी तथा किसान समूहको सुदृढीकरण र सरकारी खरिद प्रणालीमार्फत स्वदेशी उत्पादनको सुनिश्चित बजार निर्माण गर्न सकिन्छ। नेपालमै पर्याप्त उत्पादन हुने कृषि उपजको आयातलाई चरणबद्ध रूपमा नियन्त्रण गर्दै स्वदेशी उत्पादनलाई प्राथमिकता दिने नीतिले पनि उत्पादन र रोजगारी दुवै बढाउन मद्दत पुऱ्याउनेछ।

कृषि क्षेत्रलाई उत्पादन, रोजगारी, वातावरण, स्वास्थ्य र सामाजिक पुनर्निर्माणसँग जोडेर हेर्ने हो भने यसको प्रभाव केवल खेतबारीमा सीमित रहनेछैन। गाउँमा रोजगारी सिर्जना हुनेछ, युवाको पलायन कम हुनेछ, खाली घरहरूमा पुनः जीवन फर्किनेछ, स्थानीय विद्यालय र स्वास्थ्य संस्था सक्रिय हुनेछन्, आयात घट्नेछ, व्यापार घाटा कम हुनेछ र ग्रामीण अर्थतन्त्र चलायमान बन्नेछ।

कृषि केवल आर्थिक क्षेत्र होइन, यो खाद्य सुरक्षा, सामाजिक स्थायित्व, सांस्कृतिक निरन्तरता र राष्ट्रिय आत्मनिर्भरताको आधार हो। त्यसैले, कृषि सुधारको प्रतिबद्धता कागजमा होइन, बजेटमा देखिनुपर्छ। अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने वर्ष यही हो। यद्यपि, पुनः तीन वर्ष अवधि थप्नका लागि सरकारले संयुक्त राष्ट्र संघलाई पत्राचार गरिसकेको छ। राष्ट्रिय ऋण, उपभोक्ता संख्या आयातको ग्राफ र कृषिजन्य उपजसमेतको व्यापार घाटा दिनानुदिन बढिरहेको छ।

यससँगै देशबाट युवाको पलायन र मुख्य आर्थिक मेरुदण्डका रूपमा रहेको रेमिट्यान्स भित्र्याउने जनशक्ति वृद्धवृद्धामा रूपान्तरण हुँदै गर्दा विकासशील राष्ट्रमा स्तरोन्नति हुने हाम्रो सपना कसरी पूरा हुन सक्ला ? विश्वशक्तिको दौडमा रहेका छिमेकी मुलुकसँगको प्रतिस्पर्धाभन्दा अन्तर्निर्भरतामा आधारित आत्मनिर्भर कृषि अर्थतन्त्र नै नेपालको रक्षात्मक कवच हो। यसर्थ, कृषि क्षेत्रलाई भाषणमा होइन, बजेटमा प्राथमिकता दिनुपर्छ। साना किसानलाई राष्ट्रको बोझ होइन, राष्ट्र निर्माणका साझेदारका रूपमा हेर्नुपर्छ। अन्यथा, कृषि सुधारको प्रतिबद्धता फोस्रो भाषण र कागजमै सीमित रहनेछ। सँगसँगै बजेट आफ्नै नीति तथा प्रतिबद्धताको विपक्षमा उभिएको दस्ताबेजका रूपमा इतिहासमा दर्ज हुनेछ।

नयाँ पत्रिकाबाट

नेपालको रक्षात्मक कवच हो। यसर्थ, कृषि क्षेत्रलाई भाषणमा होइन, बजेटमा प्राथमिकता दिनुपर्छ। साना किसानलाई राष्ट्रको बोझ होइन, राष्ट्र निर्माणका साझेदारका रूपमा हेर्नुपर्छ। अन्यथा, कृषि सुधारको प्रतिबद्धता फोस्रो भाषण र कागजमै सीमित रहनेछ। सँगसँगै बजेट आफ्नै नीति तथा प्रतिबद्धताको विपक्षमा उभिएको दस्तावेजका रूपमा इतिहासमा दर्ज हुनेछ।

# सेयर बजार २ दशमलव ६६ अंक बढ्यो



काठमाडौं। मंगलबार २२.२१ अंक बढेको सेयर बजार बुधबार २.६६ अंकले बढेको छ। सो वृद्धिपछि नेप्से परिसूचक २७८० अंकमा कायम भएको छ । बजार दिनभर नै सामान्य उतारचढावमा रह्यो ।

१४९ कम्पनीको मूल्य बढ्दा ११६ को घट्यो भने ६ को स्थिर रह्यो । कारोबार रकम बढेको छ । अघिल्लो दिन ५ अर्ब २६ करोडको कारोबार भएकोमा आज ५ अर्ब ७३ करोडको भयो ।

अघिल्लो दिन फाइनान्स समूहमा आकर्षण देखिएको थियो । सो समूह अघिल्लो दिन सबैभन्दा धेरै ६ प्रतिशत बढेको थियो । बुधबार निर्जीवन बिमा समूहमा आकर्षण देखियो । यो समूह ३.३७ प्रतिशत बढ्यो । वृद्धिपछि निर्जीवन बिमा समूह बैशाख २ यताकै उच्च बिन्दुमा पुगेको छ ।

बजेटले तेस्रो पक्षको बिमांक रकम दोब्बर बढाएर १० लाख पुऱ्याएको छ, जसले निर्जीवन बिमा कम्पनीको व्यवसाय बढ्न मद्दत पुग्ने भएकाले पनि आकर्षण बढेको हो ।

त्यस्तै जीवन बिमा १.७३, उत्पादन तथा प्रशोधन ०.४२, माइक्रोफाइनान्स ०.४५, होटल तथा पर्यटन ०.१८ तथा विकास बैंक ०.६६ प्रतिशत बढे । अन्य समूह सबैभन्दा धेरै २.३६ प्रतिशत घट्यो । त्यस्तै व्यापार ०.२४, लगानी ०.२०, जलविद्युत् ०.११, फाइनान्स १.१६ तथा बैंकिङ ०.१३ प्रतिशत घटे ।

कालिन्चोक हाइड्रोपावरको मूल्य सबैभन्दा धेरै १४.९९ प्रतिशत बढ्यो । त्यस्तै एसबीएल डिबेन्चर (२०८४) को मूल्य १४.९३ प्रतिशत बढ्यो। विजय लघुवित्तको ८.७३, सयपत्रि हाइड्रोपावरको ७.०५ तथा नेपाल इन्स्योरेन्सको ६.१७ प्रतिशत मूल्य बढ्यो।

नेपाल पुनर्बिमाको मूल्य सबैभन्दा धेरै ५.१८ प्रतिशत घट्यो । सेन्ट्रल फाइनान्सको ३.४८, हिमालयन रिइन्स्योरेन्सको ३.३९ तथा त्रिशूली जलविद्युत्को मूल्य ३.३९ प्रतिशत घट्यो । धेरै कारोबार भएका कम्पनीमा आँखुखोला जलविद्युत्, नेपाल पुनर्बिमा, रिडी पावर, नेपाल इन्स्योरेन्स र नेसनल हाइड्रोपावर छन् ।

# गर्मीको सुरुवातसँगै कस्तो खानेकुरा खाने ?

बिस्तारै गर्मी मौसमको सुरुवात भइरहेको छ र तापक्रम पनि बढ्दै गइरहेको छ। यस्तो समयमा शरीरलाई शीतल राख्ने र पानीको मात्रा सन्तुलित बनाउने खानेकुरा खानु स्वास्थ्यका लागि लाभदायक हुन्छ।

पसिना धेरै आउने हुनाले शरीरलाई 'हाइड्रेटेड' राख्न पानीको मात्रा बढी भएका फलफूल, दही, मही र हरियो सागसब्जीको सेवनमा जोड दिनुपर्छ।

पोषणविद् डा. अरुणा उप्रेतीका अनुसार, गर्मीमा हल्का, पानीयुक्त र सजिलै पच्ने खाना खानु राम्रो हुन्छ, जसले शरीरको तापक्रम नियन्त्रण गर्नुका साथै डिहाइड्रेसन (जलवियोजन) बाट बचाउँछ।

**गर्मी मौसममा उपयुक्त खानेकुराहरूः**

**पानीयुक्त फलफूलः**

खरबुजा (जसमा ९२ प्रतिशत पानी हुन्छ), मेवा, आँप र स्ट्रबेरी जस्ता फलफूलले शरीरमा पानीको कमी हुन दिँदैनन्।

**मौसमी तरकारीः**

काँक्रो, गाँजर, गोलभेडा र पालुङ्गो जस्ता हरिया सागसब्जीको सेवन फाइदाजनक हुन्छ।

**स्वस्थ तरल पदार्थः**

दही, मही, लस्सी, नरिवलको पानी र सतुको सर्वत पिउनाले शरीरलाई भित्रैदेखि चिसो राख्न मद्दत पुग्छ।

**हल्का खानाः**

ओट्स, सातु वा घरमै तयार पारिएका सजिलै पच्ने हल्का खानेकुरा खानु उत्तम हुन्छ।

**गर्मीमा के नखाने ?**

मसलेदार र चिल्लो खानाः धेरै मसला हालिएका, चिल्लो र तारिएका खानेकुराले शरीरमा गर्मी बढाउँछन् र पाचनमा समस्या ल्याउँछन्।

**तातो बनाउने खाद्यवस्तुः**

मासु र अण्डा जस्ता शरीरको तापक्रम बढाउने खानेकुराको मात्रा कम गर्नु राम्रो हुन्छ।

**बट्टाका पेय पदार्थः**

कोक, फेन्टा जस्ता अत्यधिक चिनी भएका र बट्टामा राखिएका पेय पदार्थको सट्टा प्राकृतिक रस वा पानी रोज्नुपर्छ।

**जंक फूड र सडकका खानाः**

जंक फूड र बाहिर खुला राखिएका खानेकुरा (पानीपुरी, चटपटे आदि) बाट बच्नुपर्छ, किनकि गर्मीमा यस्ता खानेकुरा चाँडै बिग्रने र संक्रमण फैलाउने डर हुन्छ।

स्वास्थ्य खबरबाट

उद्योगी व्यवसायीका साझा समस्या :

# अव्यवहारिक कर र खुला सीमा राष्ट्रिय चुनौती



बुटवल । बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीले मधेश, कोशी र बागमती प्रदेशका विभिन्न उद्योग वाणिज्य संघहरूको अध्ययन तथा अवलोकन भ्रमण सम्पन्न गरेको छ । छ दिनसम्म चलेको भ्रमणका क्रममा टोलीले पूर्वी नेपालका १६ वटा उद्योग वाणिज्य संघ तथा औद्योगिक क्षेत्रहरूको स्थलगत अवलोकन गर्दै उद्योग-व्यवसाय क्षेत्रका साझा समस्या, चुनौती र सम्भावनाबारे अन्तरक्रिया गरेको हो ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालको नेतृत्वमा सम्पन्न भ्रमणमा वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, महासचिव मुक्तिप्रसाद अधिकारी, कोषाध्यक्ष बसन्तप्रसाद ढकाल, कार्यसमिती सदस्यहरु नरिश्वर शर्मा पौडेल, निर्मित कसजु, दिपक चापागाईं, काशिराम पौडेल, जमुना पौडेल, रेनु श्रेष्ठ, सुनिता शर्मा घिमिरे, विष्णु (कमला) घिमिरे, बालकृष्ण पौडेल, दिपक घिमिरे, लक्ष्मण ज्ञवाली, सञ्चार समन्वयकर्ता कविन्द्र नेपाल तथा सचिवालयबाट कार्यकारी निर्देशक मदनकुमार कार्की र वरिष्ठ कार्यलय सहायक लेखनाथ ज्ञवाली सहभागी थिए ।

टोलीले मधेश प्रदेश, कोशी प्रदेश र वागमती प्रदेशमा रहेका नेपाल उद्योग वाणिज्य महासंघका संस्थापक मध्येका चितवन उद्योग वाणिज्य संघ, जनकपुर उद्योग वाणिज्य संघ, मोरङ उद्योग व्यापार संघ, झापा उद्योग संघ भद्रपुर, झापा उद्योग वाणिज्य संघ भद्रपुर, सुनसरी उद्योग वाणिज्य संघ धरान सहित मकवानपुर उद्योग वाणिज्य संघ हेटौंडा, विरगञ्ज उद्योग वाणिज्य संघ, जिल्ला उद्योग वाणिज्य संघ सिराहा, उद्योग संगठन मोरङ, दमक उद्योग वाणिज्य संघ झापा, विर्तामोड उवासंघ झापा, उद्योग वाणिज्य संघ ईटहरी, सिन्धुली उद्योग वाणिज्य संघ, उद्योग वाणिज्य संघ खैरहनी चितवन र रत्ननगर उद्योग वाणिज्य संघ चितवन उद्योग वाणिज्य संघहरूसँग भेटघाट तथा अन्तरक्रिया गर्दै त्यहाँका उद्योगी-व्यवसायीले भोगिरहेका समस्या र अपनाइएका सफल अभ्यासबारे जानकारी लिएको थियो ।

अन्तरक्रियाका क्रममा देशभरका उद्योगी-व्यवसायीले भोगिरहेका समस्या धेरै हदसम्म समान रहेको निष्कर्ष निकालिएको छ । विशेषगरी स्थानीय तहले लगाएका विभिन्न व्यवसायिक कर, कवाडी कर, विज्ञापन करका नाममा व्यवसायिक साइनबोर्डमा लगाइने कर, औद्योगिक सम्पत्ति कर तथा खुला सीमासँग सम्बन्धित चुनौतीहरू व्यवसायिक क्षेत्रका साझा समस्याका रूपमा पहिचान भएका छन् ।

व्यवसायिक संघहरूका प्रतिनिधिहरूले यस्ता समस्या कुनै एक जिल्ला वा प्रदेशको मात्र नभई राष्ट्रिय प्रकृतिका भएकाले समाधानका लागि सामूहिक आवाज आवश्यक रहेको धारणा व्यक्त गरेका छन् । नेपाल उद्योग वाणिज्य महासंघको नेतृत्वमा संघहरूबिच समन्वय र दबाबमूलक पहल भएमा कर प्रणालीमा सुधार, व्यवसायमैत्री वातावरण निर्माण तथा उद्योग क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सकिने निष्कर्ष निकालिएको छ ।

भ्रमणपछि अध्यक्ष हरिप्रसाद अर्यालले विभिन्न क्षेत्रका उद्योगी-व्यवसायीका अनुभव, समस्या र समाधानका उपायबारे प्रत्यक्ष जानकारी प्राप्त भएको बताए । उनका अनुसार पूर्वी नेपालका केही उद्योग वाणिज्य संघले सञ्चालन गरेका सफल कार्यक्रम र संस्थागत अभ्यासबाट बुटवल उद्योग वाणिज्य संघले पनि सिक्ने अवसर पाएको छ ।

उनले यस्ता अध्ययन भ्रमणले संघहरूबिच सहकार्य विस्तार हुनुका साथै राष्ट्रिय आर्थिक मुद्दामा साझा धारणा निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

भ्रमणले देशभरका उद्योगी-व्यवसायीका समस्या फरक भूगोलमा भए पनि प्रकृतिगत रूपमा समान रहेको तथ्य उजागर गरेको छ । यसले निजी क्षेत्रका चुनौती समाधानका लागि स्थानीय, प्रादेशिक र संघीय तहबिच नीतिगत समन्वय अपरिहार्य रहेको सन्देश दिएको छ ।

# अन्नपूर्ण आरोहणको ७६ वर्ष पूरा



म्याग्दी । अन्नपूर्ण प्रथम हिमाल आरोहण भएको ७६ वर्ष पूरा भएको छ । म्याग्दी, कास्की, मनाङ र मुस्ताङ जिल्लाको सिमानामा रहेको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गरेको आज ७६ वर्ष पूरा भएको हो । यो हिमालको आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्छ ।

आठ हजार मिटरभन्दा अग्लो यस हिमालमा पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ । सन् १९५० मा जुन ३ मा फ्रान्सका मौरिज हर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो ।

नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाका रूपमा विविध कार्यक्रम गरी दिवस मनाउन लागिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताए ।

यस अवसरमा कास्कीको अन्नपूर्ण गाउँपालिकाको आयोजनामा घान्द्रुकतर्फको आधार शिविरतर्फ दौड प्रतियोगिता र नयाँ पदमार्गको प्रवर्द्धनका लागि लमजुङको दोर्दी गाउँपालिकामा अन्नपूर्ण आरोहण दिवस आयोजना गरिएको छ ।

पर्यटन विभागका अनुसार अघिल्लो वर्षसम्म पाँच सय ३६ जनाले आरोहण गरेको अन्नपूर्ण हिमाल चढ्नका लागि यस वर्षको वसन्तयाममा चारवटा समूहका २७ जनाले अनुमति लिएका थिए । अनुमति लिएकामध्ये कतिले सफल आरोहण गरे भन्ने विवरण अद्यावधिक भइरहेको विभागका शाखा अधिकृत शर्मीला बञ्जाडेले बताइन् ।

आधार शिविरदेखि नारच्याङसम्म ३६ किलोमिटर दूरीमा दौड, सांस्कृतिक कार्यक्रम र पुरस्कार वितरण समारोह गरेर दिवसको समापन गरिने अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर फगामीले बताए ।

बीस जना सहभागी खुला दौड प्रतियोगितामा विजेतालाई रु एक लाख, उपविजेतालाई रु ६० हजार, तेस्रोलाई रु ३५ हजार र सान्त्वना स्थान हासिल गर्ने तीन-तीन जनालाई रु १०-१० हजार नगद पुरस्कारको व्यवस्था गरिएको छ ।

नेपाल भूतपूर्व खेलाडी मञ्च र गण्डकी प्रदेश एथलेटिक्स सङ्घको प्राविधिक सहयोगमा दौड प्रतियोगिता आयोजना गरिएको हो । दौड प्रतियोगितापश्चात नारच्याङमा सोमबारदेखि सुरु भएको दिवसको समापन, पुरस्कार वितरण र सांस्कृतिक कार्यक्रम गरिने भएको छ ।

## ओलीले...

'प्रधानमन्त्री बन्न संविधान चाहिएन । संविधान विपरीत प्रतिनिधिसभा भंग हुन्छ । अनि सम्मानीत राष्ट्रपतिजी भन्नुहुन्छ, बडो जुक्तिले लोकतन्त्र बचाएँ भनेर,' ओलीले भने, 'अहिलेसम्म आइपुग्दा राष्ट्रपतिजी रबरस्ट्याम्प बनेर जुन चिज गर्न नपर्ने हो संविधानको रक्षक र पालकको हैसियतमा । त्यो नगरेर जुन चिज नगर्न पर्ने हो त्यो गरेर जे मा पनि हस्ताक्षर गर्ने काम राष्ट्रपतिज्यू गरिरहनुभएको छ ।'

उनले बडो जुक्तिकै साथ एकपछि अर्को कदमबाट लोकतन्त्र सक्ने काम भइरहेको टिप्पणी पनि गरे ।

'सम्मानित संस्थाको बारेमा मलाई बोल्न मन थिएन । तस वास्तवमै बडो जुक्तिका साथ लोकतन्त्र एकपछि अर्को कदमबाट सिध्याउने काम भएको छ । जुन कुरा नेकपा एमालेलाई मान्य छैन, मान्य हुन हुँदैन । नेकपा एमाले देश, जनता, लोकतन्त्र, शान्ति, सुशासनप्रति प्रतिबद्ध पार्टी हो,' ओलीले भने ।

**सम्पत्ति छानबीन आयोगलाई बयान नदिने**

ओलीले सम्पत्ति छानबीन आयोगलाई बयान नदिने बताएका छन् ।

राजधानीमा आयोजित एक कार्यक्रममार्फत् ओलीले सम्पत्ति छानबिन आयोग नस्वीकार्ने बताएका छन् । 'यस्ता आयोगलाई हामी मान्यता दिदैनौं । अरु कसैले बयान दिए पनि म चाहिँ बयान दिन्नँ,' ओलीले भने- 'त्यसमा सम्पत्ति विवरण भरेर पठाइदिनँ । जे जे गर्न सक्छ, गरोस् ।'

विपक्षीलाई फसाउन आयोग गठन गरिएकाले बयान नदिने बताए । 'यो राज्य राज्य होइन, यो पूर्वाग्रहको पोको हो । प्रतिशोधको पोको हो,' ओलीले भने- 'देशद्रोही क्रियाकलाप गर्ने प्रायोजित भवितव्यले बनेको चिज हो । यसले विपक्षीलाई फसाउन यस्ता क्रियाकलाप गरेको छ ।'

आफ्नो सम्पत्ति खरानी भइसकेकाले विवरण नभर्ने पनि उनले बताए । '...मेरो सम्पत्ति विवरण खरानी भरिदिने मैले,' उनले भने, 'सम्पत्ति विवरण फेरि चाहियो ? आगो लगाएर पुगेन, सम्पत्ति विवरण ? खरानी छ, उठाएर लैजा सरकार । के को सम्पत्ति विवरण ? ।'- उनले भने ।

**कार्की नेतृत्वको आयोगलाई बयान नदिएको दाबी**

ओलीले गौरीबहादुर कार्की नेतृत्वको आयोगलाई आफूले बयान नदिएको दाबी गरेका छन् ।

असंवैधानिक सरकारले फसाउनका लागि आयोग बनाएको उनको आरोप छ । 'मैले बयान दिइनँ, तर आयोगले बयान दियो भनेर छाप्यो' उनले एमालेको राष्ट्रिय कार्यशालामा बुधबार भने-'आयोगले मलाई प्रश्नपत्र पठाएको थियो । मैले म बयान दिन्नँ भनेर फिर्ता पठाइदिएँ । तर मैले बयान दिइनँ ।'

जेनजी आन्दोलनका क्रममा भएका घटनाको जाँचबुझ गर्न सुशील कार्की नेतृत्वको अन्तरिम चुनावी सरकारले गौरीबहादुर कार्की नेतृत्वमा आयोग गठन गरेको थियो । सो आयोगले जेनजी आन्दोलनका बेला प्रधानमन्त्री पदमा रहेका ओलीलाई फौजदारी अभियोगमा कारबाही सिफारिस गरेको थियो । चुनावपछि गठन भएको बालेन नेतृत्वको सरकारले जाँचबुझ प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेपछि चैत १४ गते ओली पक्राउ परेका थिए ।

ओलीले बयान नदिएको पार्टीको कार्यक्रममा बताएपनि जेनजी आन्दोलन छानबिन आयोगका सदस्य एवं प्रवक्ता समेत रहेका पूर्वएआईजी विज्ञानराज शर्माले आफूले रेकर्ड गरेको ३१ मिनेटको ओलीको अडियो रेकर्ड आयोगमा बुझाएको बताएका छन् । आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले 'बयानको प्रतिवेदन पनि दिनुस्' भनेपछि चार पेज लामो प्रतिवेदन तयार पारेर बुझाएको शर्माले बताएका छन् । 'उहाँको रेकर्डेड बयान छ । मैले जे बोलें, मेरो कुरा यही हो भन्दै भन्दै अन्तिममा यो मेरो बयान होइन है भनेर दोहोरो अर्थ लाग्ने कुरा गर्नुभयो, उहाँले बोलेका कुराहरू अडियोमा सुरक्षित छन् । आफ्नो जिम्मेवारी टुंग्याएर प्रतिवेदन बुझाइसकेको आयोगका बारेमा यो भन्दा ज्यादा भन्न चाहन्नँ ।'-शर्माले भने ।

तत्कालीन जाँचबुझ आयोगमा काम गरेका एक सुरक्षाकर्मीका अनुसार, आयोगले एक कर्मचारीलाई पठाएर पूर्वप्रधानमन्त्री ओलीको बयान लिएको थियो ।

**चुनाव पूर्वनिर्धारित नाटक**

ओलीले फागुन २१ को चुनावमा एउटा पूर्वनिर्धारित नाटक भएको आरोप लगाएका छन् । चुनाव सकिएको करिब तीन महिनापछि उनले चुनावको परिणाममाथि प्रश्न उठाएका छन् ।

उनले जे जस्तो भए पनि अब चुनावी परिणामलाई स्वीकारेर संसद्मा भूमिका खेलिरहेको उल्लेख गरे ।

'चुनाव नाटक तमासा हो । हामीले पहिलोपल्ट होइन । धेरै पटक चुनाव लडेका छौं । उम्मेदवारले अधिकांश मतदाता चिनेका छन् । खारेज भएको उम्मदवारको मत डबल आउने भनेको पूर्वनिर्धारित योजना अन्तर्गत हो' उनले भने ।

ओलीले चुनावी नतिजा पहिले निर्धारित रहेको बताएका छन् । चुनावपछि पहिलोपटक सार्वजनिक सम्बोधन गरेका ओलीले चुनावलाई 'तमासा' र 'नाटक' भनेका छन् ।

'चुनाव एउटा तमासा थियो, चुनाव एउटा नाटक थियो । यो परिणाम पूर्वनिर्धारित परिणाम थियो,' ओलीले भने-'यही परिणामका लागि चुनाव गराइएको थियो । हाम्रो पार्टीले यो कुरा बुझेको थियो, अरु पार्टीहरुले साँच्चिकै चुनाव हुन्छ ठाने ।'

ओलीले चुनावमा प्रयोग गरिएको मसीमाथि शंका गरे । यो छानबीनको विषय हुने उनले बताए ।

२१ फागुनको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाइ बहुमत हासिल गर्दा एमाले तेस्रो भएको थियो ।

राज्य संयन्त्र उत्ताउलिएर धेरै अगाडि बढ्न हुन्न

ओलीले राज्य संयन्त्रलाई उत्ताउलिएर धेरै अगाडि नबढ्न आग्रह गरेका छन् ।

'राज्य संयन्त्रमा रहेका संस्था र व्यक्तिहरुलाई म भन्न चाहन्छु, समय र परिस्थिति एकैनासको रहँदैन । उत्ताउलिएर धेरै अगाडि नबढ्नुहोला ।'- ओलीले भने । अहिलेको स्थिति धेरै नचल्ने उनले बताए ।

'राणा शासन ढले, पञ्चायती तानाशाही ढले, राजतन्त्र ढले,' ओलीले भने- 'यो अराजकतन्त्र कति समयको पाहुना हो । यो अराजकतन्त्र धेरै चल्न सक्दैन ।'

## समयानुकूल...

आफ्नै सामुन्ने पौडेलले गल्ती गरेकैले चुनावमा हार्नुपरेको निष्कर्ष सुनाएपछि अध्यक्ष केपी ओलीले प्रतिवाद गरेका थिए । ओलीले पार्टीले गरिरहेको समीक्षा पुनर्गठनका निम्ति नभएको प्रष्टोक्ति दिएका थिए ।

'समीक्षा भनेको बिथोल्न होइन, समीक्षा भनेको जग हँसाइ गर्नलाई होइन,' ओलीले भनेका थिए-'समीक्षा आन्तरिक कुरा हो, संघर्ष बाह्य कुरा हो ।'

## एमालेले...

नेता पाण्डेले एमाले अध्यक्ष केपी ओलीले निर्वाचनमा पार्टीको नतिजा, उहांको उमेर, स्वास्थ्य अवस्था आदि तमाम चुनौति हेरेर उहां (ओली) ले नेतृत्व छाड्नुपर्ने बताए । 'स्वयं अध्यक्ष पनि सोचिरहनुभएको होला,उहां १७४ सांसद भएको दलको नेता,प्रधानमन्त्री बाट २५ सांसद भएको दलको नेतामा आउनुभएको छ, यो ग्राफले के बताउँछ ?', पाण्डेले भने-'अब उहांको बांकी जीवनमा यो ग्राफ उभो लाग्ला कि नलाग्ला ? त्यसकारणले उहांले आफैले विचार गरेर निर्वाचनको नतिजा, उमेर, स्वास्थ्य अवस्था आदि तमाम चुनौति हेरेर परिपक्व निर्णय लिनुहोला भन्ने आशा छ ।'

यथास्थितिमा पार्टीलाई माथि उठाउन निकै ठूलो चुनौतिपूर्ण रहेको भन्दै उनले पार्टीलाई काँचुली फेराउन सबै नेता कार्यकर्ताले आ-आफ्नो पद छाड्न तयार हुनुपर्ने बताए ।

## बजेटमा...

नेता पाण्डेले भने-'वास्तवमा हुनुपर्ने स्रोतको आँकलन गरेर खर्च तय हो तर हाम्रो अभ्यास उल्टो छ । हरेक अर्थमन्त्रीलाई बजेटको आकार अलिकति ठूलो बनाऔं र केही नयाँ कार्यक्रम घोषणा गरौं भन्ने रहर हुन्छ । उहाँले पनि त्यही गर्नुभएको छ ।'

बजेटमा घोषणा गरेर मात्रै मुलुक समृद्ध हुन नसक्ने भन्दै उनले त्यसका लागि सरकारले व्यवसायीक वातावरण तयार गर्नुपर्ने धारणा राखे । 'बैंकको ब्याजदर कम हुँदा पनि उद्योगी व्यवसायीहरुले ठुलो लगानी गर्न चाहेका छैनन् । अहिलेको अवस्थामा बाह्य लगानी भित्रिने अवस्था पनि छैन,' उनले भने-'व्यवसायीमा कन्फिडेन्स नहुँदासम्म विदेशी लगानी भित्रिँदैन । त्यसैले पनि अहिलेको अवस्थामा उद्योगी व्यवसायीहरुलाई प्रोत्साहन गर्न जरुरी छ ।'

व्यवसाय र उद्यमशिलताबिना देशमा समृद्धि आउन नसक्ने नेता पाण्डेले बताए । 'नेपालमा केही भएन भन्दै विदेशीएर देशको विकास हुन सक्दैन, त्यसका लागि युवा शक्तिले स्वदेशमै उद्यम गर्नुपर्छ । सरकरले लगानीको वातावरण बनाइदिनुपर्छ ।' -उनले भने ।

चालू आर्थिक वर्षमा पूँजीगत बजेट खर्च २५ भन्दा बढी हुन नसक्ने उनले बताए । नेता पाण्डेले २१ सय अर्बको बजेटमा पूँजीगत खर्च डेढ खर्ब मात्र हुँदा देश कसरी अघि बढ्छ भन्दै प्रश्न गरे । सरकारले चालू आवमा १४ खर्ब ८० अर्ब राजस्व उठाउने लक्ष्य राखे पनि सवा १० खर्ब मात्रै राजश्व उठेको बताउँदै उनले लक्ष्य पूरा गर्न नसक्ने बताए ।

यस्तै रूपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले बजेटले व्यवसायीहरुलाई कस्तो असर पारेको छ, राज्यको कर असुली विधि, करका दर र सिद्धान्त तथा बजेटका विविध विषयमा छलफल गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रममा सिनियर चार्टर्ड एकाउन्टेन्ट सगुन खनालले आगामी आर्थिक वर्षको बजेट तथा आर्थिक विधेयक २०८३ का विभिन्न प्राविधिक विषयवस्तुसँगै कर छुट सुविधा, आयकरमा भएका परिवर्तनहरुबारे जानकारी गराएका थिए । यस्तै संघका वरिष्ठ उपाध्यक्ष दया भण्डारीले अहिलेको बजेट र आर्थिक नीतिबारे आफ्ना भनाइ राखेका थिए ।

**हिमालयन लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि.**
**प्रधान कार्यालय: मनकामना मार्ग काठमाडौं, नेपाल**
**फोन नं.: ०१-५९७००५७, पो.न.नं. २५९७९**

**हकदावी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएको बिमालेखका बिमितले बिमालेख हराएको/नासिएकाले प्रतिलिपि बिमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदावी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो अवधिभित्र दावी दर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपि बिमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराईन्छ ।

तपशिल

| क्र.सं. | बिमालेख नं. | बीमितको नाम | फोन नं. | ठेगाना |
|---|---|---|---|---|
| १ | PLI १७१०००७१८६ | अमिर धुनिया | ९८२४४६२४३२ | पाल्हीनन्दन-५, नवलपरासी |

**हकदाबी सम्बन्धी लिक्विडेटर कार्यालयको ३५ दिने सूचना**

मिति २०८०/०५/२७ गते दर्ता नं. ३१९४९५ मा दर्ता भएको जि.एच. एजुकेसनल नेटर्वक बुटवल प्रा.लि. को मिति २०८३/०२/२० मा सम्पन्न विशेष साधारण सभाले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम उक्त कम्पनीलाई स्वेच्छिक खारेजी (लिक्विडेसन) मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको बाँकी बक्यौता भुक्तानी लिन रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र प्रमाण सहित लिक्विडेटरको कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा नियमानुसार उक्त कम्पनीको लिक्विडेसन गरिने व्यहोरा सम्बन्धित सवैको लागि सूचित गरिन्छ ।

**लिक्विडेटर: मनोज भुसाल (लिक्विडेटर इजाजत पत्र नं. ६२०)**
**ठेगाना: बुटवल-०४, रुपन्देही (सम्पर्क नं. ९८५७०३२१०२)**

**सबैको बचत तथा ऋण सहकारी संस्था लि.**
तिलोत्तमा नगरपालिका वडा नं. ५, मणिग्राम रूपन्देही, लुम्बिनी प्रदेश

**ऋण भुक्तानी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति : २०८३/०२/२१

यस संस्थाको तपसिलमा उल्लेखित सदस्यहरुले विभिन्न ऋण शीर्षक अन्तरगत ऋण लिदा संस्थासँग गरेको सर्त सम्झौता बमोजिम समय–समयमा बुझाउनुपर्ने सावाँ, व्याज लगायतका दैदस्तुर समेत नतिरी नबुझाई संस्थासँग गरेको ऋण सम्बन्धि सर्तहरु उल्लंघन गरेकाले संस्थाको सम्पूर्ण ऋण रकम चुक्ता गर्न पटक–पटक मौखिक एवं लिखित रुपमा तरताकेता गर्दा समेत नतिरी, नबुझाई संस्थाको ऋण चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा ऋण चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा तिर्नु बुझाउनुपर्ने ऋण र सो सँग सम्बन्धित सम्पूर्ण रकम भुक्तान गर्नुहोला । सूचनामा तोकिएको म्याद भित्र संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज, हर्जाना लगायतका रकम नबुझाएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, लुम्बिनी प्रदेश सहकारी ऐन २०७६, नियमावली २०७६ र संस्थाको ऋण लगानी तथा असुली निति तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षणमा दिएको सम्पत्ति लिलाम बिक्री गरी वा सोबाट समेत असुल नभएमा सहकारीको ऋण असुली सम्बन्धमा प्रचलित कानुन बमोजिम ऋणिको हकभोग लाग्ने अन्य जायजेथा जो जेबाट हुन्छ असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । थप जानकारीका लागि संस्थामा सम्पर्क राख्नुहोला ।

| ऋणिको नाम थर वतन | नागरिकता नं. र जारी जिल्ला/मिति | धितोको विवरण |
|---|---|---|
| **देवीसरा सिजाली**<br>सियारी गाउँपालिका वडा नं. १, कैलाशनगर, रुपन्देही<br>पती : नारायण श्रीस<br>बाबु : हेम बहादुर सिंजाली<br>बाजे : भुपाल सिंह सिंजाली | ३९१०३८।३६३<br>पाल्पा<br>२०६७/०१/३० | जग्गाधनी : **देवीसरा सिंजाली**<br>ठेगाना : हर्नैया १ ग, रुपन्देही<br>हाल : सियारी गा.पा. ३, रुपन्देही<br>कित्ता नं. : ३८३<br>क्षेत्रफल : ०–२–३–० (बिघा) |

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**गोदाममा मौज्दात रासायनिक मलः**
कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय नेपालगञ्जको गोदाममा मौज्दात रहेको रासायनिक मल । चालु आर्थिक वर्ष २०८२/०८३ को बैशाख मसान्तसम्म कार्यालयमा ७ हजार ६५० मेट्रिक टन प्राप्त मलमध्ये ६ हजार ६५२ मेट्रिक टन रासायनिक मल  किसानलाई बिक्री तथा वितरण गरि सकिएको कम्पनीले जनाएको छ । तस्विरः  रासस

# प्रमले माफी माग्नुहुन्न, बहुमतले बजेट पारित गर्छौं : अर्थमन्त्री



बुटवल । प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) ले सीमासम्बन्धी विवादित अभिव्यक्तिबारे सदनमा प्रस्टीकरण नदिने भएका छन् ।

राष्ट्रियसभाको कार्यव्यवस्था परामर्श समितिको बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रधानमन्त्री आफ्नो अभिव्यक्तिबारे प्रस्टीकरण दिन संसद्मा नआउने बताएका हुन् ।

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) ले सीमासम्बन्धी विवादित अभिव्यक्तिबारे सदनमा प्रस्टीकरण नदिने भएका छन् । राष्ट्रियसभाको कार्यव्यवस्था परामर्श समितिको बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रधानमन्त्री आफ्नो अभिव्यक्तिबारे प्रस्टीकरण दिन संसद्मा नआउने बताएका हुन् ।

प्रधानमन्त्री शाहले नेपालको सीमाबारे संसद्मा दिएको अभिव्यक्ति विवादित बनेको छ । यही विषयमा प्रस्टीकरणसहित माफी माग्नुपर्ने भन्दै राष्ट्रिय सभाको बैठक केही दिन यता अवरुद्ध बनेको छ ।

सोही बैठक खुलाउने विषयमा भएको तीन दलको छलफलमा अर्थमन्त्रीले प्रधानमन्त्री संसद्मा आएर माफी नमाग्ने भएकाले बैठक सञ्चालन गर्न भनेका थिए ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का राष्ट्रियसभा संसदीय दलका नेता झक्कुप्रसाद सुवेदीले प्रधानमन्त्री संसद्मा भनाइ सच्याउन नआउने जानकारी अर्थमन्त्रीले गराएको बताए ।

'हामीले प्रधानमन्त्रीले संसद्मा आएर माफी माग्नुपर्छ भन्यौं, तर अर्थमन्त्रीले प्रधानमन्त्रीको अभिव्यक्तिको विषयमा परराष्ट्र मन्त्रालयले स्पष्ट गरिसकेको छ, प्रधानमन्त्री माफी माग्न आउनुहुन्न भन्नुभयो,' सुवेदीले भने- 'उहाँको जोड संसद् चलाऔं भन्नेमा थियो ।'

तर कांग्रेस, एमाले र नेकपाले अर्थमन्त्रीको भनाइलाई विश्वास गर्न नसकिने भन्दै प्रधानमन्त्री नै आएर आफ्नो अभिव्यक्ति सच्याउँदै फिर्ता लिनुपर्ने अडान राखेका थिए ।

त्यसपछि अर्थमन्त्रीले बैठक चल्न नदिने हो भने आफूहरूले प्रतिनिधिसभाबाट बजेट पास गर्ने बताएर निस्किए ।

'बजेट पास गर्ने हो, प्रतिनिधिसभाबाट बहुमतबाटै पास गराउँछौं । राष्ट्रिय सभाले जेसुकै गर्नुस् भन्ने आसयको अभिव्यक्ति अर्थमन्त्रीले दिनुभयो ।'- सुवेदीले थपे ।

# सेमलारमा क्यान्सरसम्बन्धी सचेतना



सेमलार । नेपाल अर्बुद रोग निवारण संस्था रुपन्देहीले क्यान्सरसम्बन्धी सचेतना कार्यक्रम गरेको छ । विश्व सुर्तिजन्य पदार्थविरुद्धको दिवसको अवसरमा बुटवल उप-महानगरपालिका वडा नं. १५ र अर्बुद रोग निवारण संस्थाले संयुक्त रुपमा मंगलबार बुटवलको सेमलारमा क्यान्सर सचेतना कार्यक्रम गरेको हो ।

क्रिमसन अस्पताल मणिग्राम र विषादी न्यूनीकरण अभियानको सहयोगमा आयोजना गरिएको कार्यक्रममा बुटवल १५ स्थित नवरत्न माध्यमिक विद्यालयका विद्यार्थी, सोही वडाका जनप्रतिनीधि, टोल विकास संस्था, आमा समुहका समेत गरी १५० जनाभन्दा बढीको सहभागिता रहेको थियो ।

सचेतना कार्यक्रममा सिनियर फिजिसियन, असिस्टेन्ट प्रोफेसर डा. महेशराज घिमिरेले क्यान्सर के हो, किन हुन्छ, यसका लक्षणहरु, हुन नदिनका लागि के गर्न सकिन्छ र भइहालेमा उपचारका बारेमा प्रकाश पारेका थिए ।

त्यस्तैगरी विषादी न्यूनीकरण अभियानका हुमाकान्त काफ्लेले विषादीयुक्त खानेकुराले मावन स्वास्थ्यमा गर्ने असरलगायतका विषयमा जानकारी गराएका थिए ।

कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिका वडा नं. १५ का अध्यक्ष शिव रानाले मानिस स्वस्थ जीवनयापनका लागि स्वास्थ्य सम्बन्धि आधारभूत जानकारी हुनुपर्ने बताए ।

उनले पछिल्लो समय सर्नेभन्दा पनि नसर्ने रोगले विकराल रुप लिइरहेको र त्यसमा पनि क्यान्सर रोगको अवस्था विराज बन्दै गएकाले वडावासीलाई सचेत गराउनको लागि कार्यक्रम गरिएको जानकारी गराए ।

नेपाल अर्बुद रोग निवारण संस्थाका अध्यक्ष खिमबहादुर हमालले विश्वमै नसर्ने रोगले विकराल रुप लिँदै गएको बताउँदै नसर्ने रोगमा पनि सबैभन्दा बढी देखिएको क्यान्सर विरुद्धको अभियानमा अर्बुद रोग निवारण संस्थाले सचेतना अभियान सञ्चालन गरेको बताए । उनले अहिले पनि रोग लुकाउने प्रवृत्ति रहेको भन्दै समयमै उपचार पाउने हो भने अकाल मृत्युबाट बँच्न सकिने भएकाले रोगका बारेमा बुझ्ने, जान्ने र सोही अनुसार स्वस्थ्य जीवनशैली अपनाउन सुझाव दिए ।

# एसपी थापालाई स्वागत : ट्राफिक व्यवस्थापनमा नमूना बनाउन सुझाव



बुटवल । बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीले नेपाल प्रहरी लुम्बिनी प्रदेश राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयमा हालै आएका कार्यालय प्रमुख प्रहरी उपरिक्षक (एसपी) निशान थापालाई स्वागत गर्दै ट्राफिक तथा पार्किङ् व्यवस्थापनमा बुटवललाई नमूना शहरका रुपमा विकास गर्न सुझाव दिएको छ ।

बुधबार संघमा आयोजना गरिएको कार्यक्रममा संघका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य हरिप्रसाद अर्याललले साना साना कुराहरुमा सुधार गर्दा त्यसले ठूलो परिणाम दिने बताउँदै त्यसमा ध्यान दिन विशेष आग्रह गरे । उनले ट्राफिक तथा पार्किङ् व्यवस्थापन बुटवलको जल्दोबल्दो समस्या रहेको बताउँदै त्यसको व्यवस्थापनका लागि बुटवल उद्योग वाणिज्य संघको नेतृत्वमा भएका पहलकदमीबाट केही सुधार भएको पनि जानकारी गराए ।

'पार्किङ्का लागि ठाउँ छैन, सवारी साधान बढिरहेका छन्,' अध्यक्ष अर्याललले भने-'यस्तो अवस्थामा कसरी व्यवस्थापन गर्न सकिन्छ, कार्यालयको तर्फबाट तपाईं पनि अध्ययन गर्नुहोस्, हामी पनि सहयोग गर्न तयार छौं ।'

त्यस अवसरमा उद्योगी व्यवसायीहरुले सडक प्रयोगकर्तालाई सडक अनुशासन पालना गराउन, सार्जजनिक सवारी साधनहरुले जथाभावी गाडी रोक्ने र चढाउने/ओराल्ने प्रवृत्ति रोक्न आग्रह गरेका थिए । त्यस्तै ट्राफिक व्यवस्थापनमा मुख्य चुनौतीको रुपमा रहेको अटो-रिक्सा व्यवस्थापनका लागि समेत ध्यानाकर्षण गराएका छन् ।

बुटवल लुम्बिनी प्रदेशकै प्रमुख व्यापारिक शहर समेत भएकाले सामान ढुवानीमा प्रयोग हुने पिकअप गाडीको सवालमा परिस्थितिको मूल्यांकन गरेर व्यवहारिक कार्यान्वयन गर्न आग्रह गरेका छन् ।

बुटवल उद्योग वाणिज्य संघको नेतृत्वमा ट्राफिक व्यवस्थानका लागि मुख्य बजार क्षेत्रमा सडकको एकतर्फ पार्किङ्को व्यवस्था गरिएको र त्यसले ट्राफिक व्यस्थापनमा सुधार भएको भन्दै अझै प्रभावकारी कार्यान्वयनमा जोड दिएका थिए ।

कार्यक्रममा बोल्दै प्रहरी उपरीक्षक थापाले आफू भर्खरै आएकाले यहाँको बस्तुस्थितिको अध्ययन गरिरहेको र धेरै तिरबाट सुझावहरु प्राप्त भइरहेको बताए । उनले सानासाना कुराहरुको सुधारले ठूलो परिणाम पाउने कुरामा आफू विश्वस्त रहेको बताउँदै प्राप्त सुझावहरु ठूला र गर्न नसकिने खालका नभएको जनाए । उनले कानुनी तथा व्यवहारिक कुराहरुलाई ध्यानमा राखेर व्यवसायिक संघसंस्थालगायत सबैसँग समन्वय र सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

एसपी थापाको स्वागत कार्यक्रममा संघका उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, महासचिव मुक्ति अधिकारी, कोषाध्यक्ष बसन्तप्रसाद ढकाल, सचिव प्रतिक पोखरेल सहित कार्यसमिति सदस्यहरु उद्योगी, व्यवसायीहरुले ट्राफिक तथा पार्किङ् व्यवस्थापनमा बुटवललाई मोडलकै रुपमा विकास गर्न सुझाव दिँदै त्यसमा आफूहरुको पूर्ण साथ र सहयोग रहने बताएका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# लुम्बिनीमा एमालेका चार मन्त्रीले दिए राजीनामा




बुटवल । लुम्बिनी प्रदेशमा नेकपा एमालेका चार जना मन्त्रीले राजीनामा दिएका छन् । मुख्यमन्त्री चेतनारायण आचार्यको निर्देशनपछि एमालेबाट सरकारमा रहेका मन्त्रीहरूले राजीनामा दिएका हुन् ।

भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री सीता शर्मा चौधरी, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थी र स्वास्थ्य मन्त्री खेम सारुमगरले राजीनामा दिएका हुन् ।

मुख्यमन्त्री चेतनारायण आचार्यले आफ्नै निर्देशन र सल्लाहमा मन्त्रीहरुले राजीनामा दिएको बताए ।

कांग्रेससँगको सत्ता साझेदारी तथा सरकारको नेतृत्व परिवर्तनको विषयमा लामो समयदेखि छलफल भइरहेका बेला एमालेले आफ्ना मन्त्रीहरू परिवर्तन गर्ने निर्णय गरेको हो । यसअघि जेठको पहिलो सातामै मन्त्री हेरफेरको प्रयास भए पनि कांग्रेस संसदीय दलले मुख्यमन्त्रीसहित एकैपटक सरकार पुनर्गठन गर्नुपर्ने अडान लिएपछि मन्त्री हेरफेर रोकिएको थियो ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीको निर्देशनपछि मुख्यमन्त्री आचार्यले एमालेका मन्त्रीहरूलाई राजीनामा दिन आग्रह गरेका हुन् ।

एमाले स्रोतका अनुसार मन्त्रीका लागि गुल्मीका डिल्लीराज भुसाल, अर्घाखाँचीका रामजी घिमिरे, रूपन्देहीका तुलसीप्रसाद चौधरी र बाँकेका रत्न खत्रीको नाम सिफारिस गरिएको छ । खत्री यसअघि सामाजिक विकास मन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन् भने भुसाल, घिमिरे र चौधरी मन्त्रीका लागि नयाँ अनुहार हुन् ।

एमालेले दोस्रोपटक प्रदेशसभामा निर्वाचित भएर पनि मन्त्री बन्ने अवसर नपाएका सांसदलाई प्राथमिकतामा राखेको छ । सोही आधारमा रामजी घिमिरे र तुलसीप्रसाद चौधरी सिफारिसमा परेका हुन् । प्रदेशसभाका ज्येष्ठ सदस्य भएकाले डिल्लीराज भुसाललाई पनि मन्त्रीका लागि अघि सारिएको छ ।

प्रदेश सरकारले आगामी साउन १ गतेदेखि मन्त्रालयको संख्या घटाएर ८ कायम गर्ने निर्णय गरिसकेको छ । उक्त विषय सरकारको नीति तथा कार्यक्रममा समेत समेटिएको छ ।

कांग्रेसले सरकारको नेतृत्व परिवर्तनको दबाब दिइरहेको भए पनि मुख्यमन्त्री आचार्यले बजेट ल्याएपछि अर्थात् असार १ गतेपछि मात्रै नेतृत्व छाड्ने अडान लिएका छन् । नेपाली कांग्रेसबाट को मुख्यमन्त्री बन्ने भन्ने अझै टुंगो लागेको छैन ।

# तनाव व्यवस्थापनमा परिवर्तनको अपेक्षा



पाल्पा । बढ्दो आधुनिक जीवनशैली, अव्यवस्थित खानपान, जंकफुडको प्रयोग, सूचना प्रविधिको बढ्दो प्रभाव र शारीरिक श्रमभन्दा मानसिक श्रममा आधारित कार्यशैलीका कारण पाल्पाको रिब्दीकोट गाउँपालिकाले बढ्दो तनावलाई विसर्जन अयियान सुरु गरेको छ । गाउँपालिकाले पालिकाको समग्र कार्यसम्पादनमा सुधार ल्याउन जनप्रतिनिधि, कर्मचारीको लागि तनाव विसर्जन तथा खुसी विज्ञान शिविर सञ्चालन गरेको हो ।

प्राकृतिक शान्त वातावरण, हरियाली जंगलको बीचमा रहेको रिब्दीकोटको जलेश्वर मन्दिर क्षेत्र । जेठको टन्टालपुर गर्मीमा समेत जलेश्वर क्षेत्रमा छिनमा कुहिरो लाग्ने, छिनमा हराउने, छिनमा घाम लाग्ने, छिनमा जाडो हुने मौसमले पनि तनाव विसर्जन सहज भएको छ ।  रिब्दीकोट गाउँपालिकाले पालिकाभित्र कार्यरत सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधिका लागि तनाव विसर्जन र खुसी विज्ञान शिविर सञ्चालन गरेको हो ।

शिविरमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृतसहित कर्मचारीहरूको पूर्ण सहभागिताले जीवन शैली, आनी बानी व्यबहार तथा कार्यसम्पादनमा सुधार हुने अपेक्षा रहेको छ । शिविरमा  जीवन विज्ञानका प्रशिक्षकहरुले तनाव व्यवस्थापन, सकारात्मक सोंच, ध्यान, योग तथा स्वस्थ जीवनशैली सम्बन्धी अभ्यास गराइएका थिए । बढ्दो तनावका कारण मानिसले चाहेका कामसमेत प्रभावकारी रूपमा गर्न नसक्ने अवस्था सिर्जना भइरहेको छ ।  त्यसैले जनप्रतिनिधि र कर्मचारीबाट सुरु गरिएको यो अभियान आगामी दिनमा समुदायस्तरसम्म विस्तार गरी "स्वस्थ रिब्दीकोट, खुसी रिब्दीकोट" बनाउने लक्ष्य लिइएको गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले बताए ।

भौतिक विकास मात्र विकास होईन, समय समयमा मानिसको तनाव व्यवस्थापन गर्नु पनि एक किसिमको विकास हो । तनाव व्यवस्थापनले मानिस स्वस्थ निरोगी बनाउँदै कार्यसम्पादन राम्रो गर्दछ । जनप्रतिनिधिले निर्माण गरेका नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी स्वस्थ र खुसी हुन आवश्यक छ त्यसैले तनाव व्यवस्थापन शिविरपछि  तनावमुक्त कर्मचारीबाट सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सुरेश भुसालले बताए ।

प्रतिस्पर्धात्मक जीवनशैलीका कारण मानिसहरूमा तनाव बढ्दो क्रममा छ । तनावकै कारण नसर्ने रोगको जोखिमसमेत बढ्दै गएको भन्दै रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिने उपाय अपनाउनु आवश्यक रहेको गाउँपालिका स्वास्थ्य शाखाले नविनतम कार्यक्रमहरु मार्फत स्वस्थ जिवनशैलीको लागी शिविर सञ्चालन गरिएको शाखा प्रमुख सुनिल अधिकारीले बताए ।

यस्ता शिविरले तनावमुक्त जीवनशैली बनाउन र स्वस्थप्रति उत्प्रेरण जगाउन, स्वार्थी मनबाट सामाजिक भावना प्रति जागृत बनाउन, इमान्दार र नैतिकता सिकाउन आत्मवल बढाउने देखिन्छ । पाल्पाको रिब्दीकोटले पालिकाभित्रै सुरु गरेको यो अभियानले सहभागीहरूको सोंच, व्यवहार, बोलीचाली र कार्यसम्पादनमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com